पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

## आशयपत्र पेश गर्ने वारेको सूचना

**प्रथप पटक सुचना प्रकाशितमिति :२०७६ भाद्र.२० गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस स्याङजा जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा **पुतलीवजार नगरपालिका, वालिङ नगरपालिका, गल्याङ नगरपालिका र हरिनाश गाउँपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुनगईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि एक सेवा प्रदायक संस्था छनौट गर्नुपर्ने भएकोले आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक, नेपालको प्रचलित नियमानुसार स्याङ्जा जिल्लामा दर्ता भएका वा कार्य सञ्चालनको अनुमती लिएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशयपत्र आव्हवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र दिनभित्रमा कार्यालय समयमा निम्न स्थानमा रहेको यस पुतलीवजार नगरपालिकाको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस पुतलीबजार नगरपालिकाको वेभ साईट www.putalibazarmun.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।

(१)आशयपत्रदाताको योग्यता :

- क) अनुभव : कम्तिमापाँचबर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।
- ख) प्रस्तावित कार्य सँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।
- ग) मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लिएको ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमा तीन बर्ष परामर्श सेवाप्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवाखरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ

(४) आशयपत्रदाताले आशयपत्रसाथ आशयपत्रको नमुनामा उल्लेख भएबमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(६) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

७) यो सेवाप्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्था संग उप सम्झौता(sub contract) गर्न पाईनेछैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जाल संग उप सम्झौता गर्न यो बुदाँले वाधा पुऱ्याउने छैन।

८) प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुल्ने दिनमा पेश गर्न सकिनेछ ।

(९) आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरीद योजना समिति
स्याङ्जा

निमित्त प्रमुख प्रशासकिय अधिकृत